## धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय सुनसरी, प्रदेश नं. १, नेपाल

### नगर कार्यपालिका वैठक,वैठक संख्या २/०७८/०७९

आज मिति २०७९ साल जेष्ठ २९ गते आइतबार २.०० बजे धरान उपमहानगरपालिकाको नगर कार्यपालिकाको वैठक नगर प्रमुख श्री हर्क राज राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो ।

**उपस्थिती:**

| क्र.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री हर्क राज राई | प्रमुख | धरान उपमहानगरपालिका | |
| २. | श्री अईन्द्र विक्रम बेघा | उप-प्रमुख | धरान उपमहानगरपालिका | |
| ३. | श्री यज्ञमणि आचार्य | वडा अध्यक्ष | धरान-१ | |
| ४. | श्री रमेश राई | वडा अध्यक्ष | धरान-२ | |
| ५. | श्री विद्या शाक्य | वडा अध्यक्ष | धरान-३ | |
| ६. | श्री धनबहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ७. | श्री मन प्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ८. | श्री भुपेन्द्र भट्टराई | वडा अध्यक्ष | धरान-६ | |
| ९. | श्री जीवन राज सुवेदी | वडाअध्यक्ष | धरान-७ | |
| १०. | श्री धन बहादुर राई | वडा अध्यक्ष | धरान-८ | |
| ११. | श्री रुपेश आचार्य | वडा अध्यक्ष | धरान-९ | |
| १२. | श्री विवेक राई | वडा अध्यक्ष | धरान-१० | |
| १३. | श्री लोकेन्द्र कुमार फागु | वडा अध्यक्ष | धरान-११ | |
| १४. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १५. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १६. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १७. | श्री नरेश इवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १८. | श्री मुरारी प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१६ | |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| २०. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २१. | श्री पूर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २२. | श्री पदम बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-२० | |
| २३. | श्री सावित्रा परियार दर्जी | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| २४. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २५. | श्री सिर्जना नेपाल | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २६. | श्री रविन गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २७. | श्री देवी माया विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-६ | |
| २८. | श्री दिनेश विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २९. | श्री अनुप देवान | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| ३०. | श्री विकास भाटी | नगर कार्यपालिका सदस्य | धरान-९ | |
| ३१. | श्री लक्ष्मी प्रसाद पौडेल | प्रमुख प्रशासकीय अधिकृत(सचिव) | धरान उपमहानगरपालिका | |

| क्र.सं. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | श्री गणेश प्रसाद खतिवडा | वरिष्ठ प्रशासकीय अधिकृत | | |

१. **बैठकको गणपुरक संख्या सम्बन्धमा:–**

यस उपमहानगरपालिकाको कार्यपालिकामा जम्मा सचिव सहित ३१ जना सदस्य रहेकोमा आजको बैठकमा जम्मा ३१ जना नै सदस्यहरूको उपस्थित रहेकोले गणपुरक संख्या पुरा भएको हुदाँ अध्यक्षवाट बैठक सुरु भएको जानकारी बैठकमा गराउनु भयो ।

२. **अघिल्लो वैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा :–**

यस अघि मिति २०७९ जेष्ठ २३ गते सोमबार कार्यपालिकाको वैठक वसेको र उक्त वैठकबाट ७ वटा निर्णयहरु भएका थिए । ती निर्णयहरू मध्ये खोलाहरूको व्यवस्थापन गर्ने विषयमा गठित समितिले गर्ने कार्य बाहेक अरू सबै निर्णयहरु कार्यान्वयन भएको अवस्था पाइयो ।उक्त एउटा निर्णय समेत शिघ्र कार्यान्वयनका लागि निर्देशन दिने निर्णय गरियो ।

३. **सार्वजनिक भवन/ पार्कहरुको राजस्व संकलनमा ठेक्का प्रकृयाको सट्टा नगरपालिकाले स्वयं उठाउने सम्बन्धमा :–**

धरान उपमहानगरपालिकाको स्वामित्वमा रहेका भवन, टहरा तथा पार्किङ्ग निजी क्षेत्रलाई ठेक्कामा लगाई राजश्व संकलन भईरहेकोमा यसरी ठेक्का दिइएका संरचनाहरुको वहाल प्रचलित बजार दर भन्दा कम उठेको, थप प्रतिष्पर्धा हुन सक्ने अवस्थालाई विश्लेषण गरी नगरपालिका स्वयंले सिधै वहालमा लगाउँदा राजश्व वृद्धि हुने अवस्था देखिएमा त्यस्ता भवन, टहरा तथा संरचनाहरुबाट उपमहानगरपालिका स्वयंले भाडा तथा राजश्व संकलन गर्ने निर्णय गरियो ।

४. **आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमका प्राथमिकता निर्धारण सम्बन्धमा :–**

आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा निम्न बमोजिमको प्राथमिकतालाई आधार बनाउने निर्णय गरियो।

तपिसल

क) खानेपानी तथा सरसफाई

ख) पूर्वाधार विकास

ग) पर्यटन

घ) कृषि

ङ) शिक्षा, स्वास्थ्य तथा सामाजिक विकास

च) विपद व्यवस्थापन

५. **नगर प्रबक्ता तोक्ने सम्बन्धमा :-**

यस उपमहानगरपालिकाको प्रबक्ता १७ नं. वडाध्यक्ष श्री सूर्यबहादुर भट्टराई (मनोज) लाई तोक्ने निर्णय गरियो ।

६. **परिचयात्मक बैठक सम्बन्धमा:-**

२०७९ वैशाख ३० गते सम्पन्न भएको यस उपमहानगरपालिकाको निर्वाचनबाट निर्वाचित भएका सम्पूर्ण वडा सदस्यहरु सहितको परिचयात्मक वैठक मिति २०७९/०३/०२ गते सुनसरी उद्योग वाणिज्य संघको सभाहल, धरानमा आयोजना गर्ने निर्णय गरियो ।

७. अधिकार प्रत्यायोजन सम्बन्धमाः-

धरान उपमहानगरपालिका नगर कार्यपालिका र नगर सभाको तर्फबाट विभिन्न न्यायीक तथा अर्ध न्यायीक निकायहरुमा फिराद गर्नु पर्दा र नगर कार्यपालिका विरुद्ध परेका फिरादहरुको प्रतिरक्षा सम्बन्धी सम्पूर्ण काम कार्वाहि गर्न नगर प्रमुखलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

८. विषयगत समितिका सदस्य मनोनयन सम्बन्धमा :–

धरान उपमहानगरपालिकाको मिति २०७९/०२/२३ गतेको कार्यपालिकाको वैठकबाट संयोजक र सदस्य सचिव तोकेका तपसिलका विषयगत समितिहरुमा तपसिल अनुसारको सदस्यहरु तोक्ने निर्णय गरियो ।

तपसिल

(क) आर्थिक विकास समितिः–

सदस्य - श्री विवेक राई , वडाध्यक्ष वडा नं. १०
सदस्य - श्री विद्या शाक्य, वडाध्यक्ष वडा नं. ३
सदस्य- श्री नेत्र प्रसाद काफ्ले, वडाध्यक्ष वडा नं. १३

(ख) सामाजिक विकास समितिः–

सदस्य - श्री यज्ञमणि आचार्य, वडाध्यक्ष वडा नं. १
सदस्य - श्री मन प्रसाद लिम्बू , वडाध्यक्ष वडा नं. ५
सदस्य- श्री धन बहादुर राई, वडाध्यक्ष वडा नं. ८

(ग) पूर्वाधार विकासः–

सदस्य - श्री मुरारी प्रसाद भट्टराई, वडाध्यक्ष वडा नं. १६
सदस्य - श्री टंक बहादुर राई, वडाध्यक्ष वडा नं. १२
सदस्य- श्री पूर्ण बहादुर लिम्बू , वडाध्यक्ष वडा नं. १९

(घ) वन, वातावरण तथा विपद् ब्यबस्थापन समिति :–

सदस्य - श्री पदम लिम्बू , वडाध्यक्ष वडा नं. २०
सदस्य - श्री धन वहादुर राई, वडाध्यक्ष वडा नं. ४
सदस्य- श्री दिनेश विश्वकर्मा , कार्यपालिका सदस्य

(ङ) सुशासन तथा संस्थागत विकास समिति :–

सदस्य - श्री रमेश राई , वडाध्यक्ष वडा नं. २
सदस्य - श्री धन बहादुर राई, वडाध्यक्ष वडा नं. ८
सदस्य- श्री रविन गुरूङ्ग , कार्यपालिका सदस्य

९. चोकको नामाकरण सम्बन्धमा :–

यस उपमहानगरपालिकाको वडा नं. १५ को ध्रुबज्योती पथ र जीवन ज्योती पथको चोकको नाम मामारूप चोक नामाकरणका लागि पेश भएकोमा उक्त चोकको नाम मामारूप चोक कायम गर्ने निर्णय गरियो ।

१०. अनुगमन समिति गठन सम्बन्धमा :–

स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको व्यवस्था अनुसार उप प्रमुखको संयोजकत्वमा गठन हुने अनुगमन समितिमा तपशिलका सदस्यहरूलाई चयन गर्ने निर्णय गरियो ।

तपशिल

(क) लोकेन्द्र फागु , वडा नं. ११ वडाध्यक्ष

(ख) सावित्रा परियार दर्जी, कार्यपालिका सदस्य

११. विविध

क. बहुवर्षिय योजनाको खरिद गुरु योजना स्वीकृत गर्ने सम्बन्धमा:-

यस उपमहानगरपालिकाले बहुवर्षिय योजनाको रुपमा अगाडी बढाउन तयार गरी पेश भएका तपशिलका योजनाहरूको खरिद गुरु योजना स्वीकृत गर्ने निर्णय गरियो । स्वीकृत खरिद गुरूयोजना पछाडि टाँसगरी प्रमाणित गरिएको छ ।

ख. बर्खे अधिवेशन (नगर सभा) आह्वान सम्बन्धमा:-

यस धरान उपमहानगरपालिकाको आ.व. ०७९/८० का लागि नीति कार्यक्रम तथा वजेटका लागि नगर सभा (बर्खे अधिवेशन) यहि मिति २०७९/०३/०८ गते आह्वान गर्ने सर्वसम्मत निर्णय गरियो ।

ग. हेल्पडेक्स स्थापना गर्ने सम्बन्धमा :–

यस उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा विभिन्न सेवा लिनका लागि आउने अपाङ्ग, अशक्त, दलित, मजदूर एवं जेष्ठ नागरिकहरूलाई सहज सेवा प्रवाह गर्नका लागि हेल्प डेक्स संचालन गर्ने निर्णय गरियो ।

घ. आर्थिक सहयोग सम्बन्धमा :–

यस नगर क्षेत्रका बसोवास गर्ने नागरिकहरु गम्भिर रुपमा विरामी भै उपचारका लागि सहयोग माग भै पर्न आएको निवेदन साथै सम्बन्धित वडा कार्यालयबाट भएको सिफारिसको आधारमा तपसिल अनुसार उपचार सहयोग उपलब्ध गराउँने निर्णय गरियो ।

- लोक बहादुर ढकाल धरान-१५, क्यान्सर रोग उपचार सहयोग रु. १५,०००/-
- नगेन्द्र वराइली, धरान-१५, दुर्घटनामा परी खुट्टा भाँचिएको उपचार सहयोगर रु.१०,०००/-

आजको वैठक दिनको ५:३० वजे समाप्त भयो ।

वैठकको निर्णय माईनट गर्ने : वरिष्ठ प्रशासकीय अधिकृत ,गणेश प्रसाद खतिवडा ।

धरान उपमहानगरपालिका

खरिद गुरु योजना

आ.व. २०७९।०८०

मन्त्रालय/विभाग/आयोजना/कार्यालयः धरान उपमहानगरपालिका

बजेट उपशीर्षक नं.

| सि.नं. | खरिदको विवरण (मालसामान/ निर्माण कार्य / परामर्श सेवा , अन्य सेवा) | खरिद विधि (खरिद निकायको प्रकृति अनुसार) | अनुमानित रकम | प्याकेज संख्या | सम्झौताको किसिम | पहिलो वर्ष आ.व. ०७९/८० | दोस्रो वर्ष आ.व. ०८०/८१ | तेस्रो वर्ष आ.व. ०८१/८२ | चौथो वर्ष आ.व. ०८२/८३ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ८ | ९ | १० | ११ | १२ |
| १ | रेडक्रस चोक अमरहाट शिखरमार्ग सडक स्तरोन्नती | ठेक्का | ७०,०००,०००.०० | | ईकाई दर | १०,०००,०००।०० | ४०,०००,०००.०० | २०,०००,०००।०० | - | |
| २ | तिनढ्वाङ्गे लगायत अन्य करिडोर (८,१९,१२,९,१०,१,१३,१६) | ठेक्का | ८०,०००,०००.०० | | ईकाई दर | २,०००,०००।०० | ३०,०००,०००.०० | ४८,०००,०००।०० | - | |
| ३ | कार्यालय भवनको नया ब्लक निर्माण | ठेक्का | ६०,०००,०००.०० | | ईकाई दर | १०,०००,०००।०० | ५०,०००,०००.०० | - | - | |
| ४ | सभागृह पुनर्निर्माण, धरान ८ | ठेक्का | ६५,०००,०००.०० | | ईकाई दर | २,०००,०००।०० | ४०,०००,०००.०० | २३,०००,०००।०० | - | |
| ५ | बी. पी. पार्क डीपीआर सहित निर्माण कार्य | ठेक्का | ४५,०००,०००.०० | | ईकाई दर | २,०००,०००।०० | १०,०००,०००.०० | ३३,०००,०००।०० | - | |
| ६ | वडा कार्यालय भवन निर्माण (वडा नं. १२) | ठेक्का | १५,०००,०००.०० | | ईकाई दर | ९,०००,०००।०० | ६,०००,०००.०० | - | - | |
| ७ | सरस्वतीचौक खहरे कोरिडोर निर्माण, धरान १७ | ठेक्का | २०,०००,०००.०० | | ईकाई दर | २,०००,०००।०० | १८,०००,०००.०० | - | - | |
| ८ | शिवगंगादेखि दुमि भवनसम्म बाटो निर्माण, धरान १५ | ठेक्का | ३५,०००,०००.०० | | ईकाई दर | २,०००,०००।०० | ३३,०००,०००.०० | - | - | |
| ९ | भञ्ज्यांगदेखि भालढुंगा स्कूलसम्म बाटो निर्माण, धरान २० | ठेक्का | ३५,०००,०००.०० | | ईकाई दर | २,०००,०००।०० | ३३,०००,०००.०० | - | - | |
| १० | पानवारी - इटहरी जोड्ने सडक | ठेक्का | ११,०००,०००.०० | | ईकाई दर | ७,०००,०००।०० | ४,०००,०००.०० | | - | |
| ११ | वडा नं. १४ र १५ मा झण्डी पार्क निर्माण | ठेक्का | १०,०००,०००.०० | | ईकाई दर | २,०००,०००।०० | ८,०००,०००.०० | - | - | |
| १२ | बहुभाषिक विद्यालय स्थापना | ठेक्का | २०,०००,०००.०० | | ईकाई दर | २,०००,०००।०० | ५,०००,०००.०० | १३,०००,०००।०० | - | |
| १३ | चतरालाईन सडक निर्माण, धरान १२ | ठेक्का | ६०,०००,०००.०० | | ईकाई दर | २,०००,०००।०० | ४०,०००,०००.०० | १८,०००,०००।०० | - | |
| १४ | पुतलीलाईन सडक निर्माण, धरान ९। १० | ठेक्का | ८०,०००,०००.०० | | ईकाई दर | २,०००,०००।०० | ४०,०००,०००.०० | ३८,०००,०००।०० | - | |
| १५ | बहुआयामिक पुर्नस्थापना केन्द्र स्थापना | ठेक्का | २०,०००,०००.०० | | ईकाई दर | २,०००,०००।०० | ५,०००,०००.०० | १३,०००,०००।०० | | |
| १६ | मुनामदनपथ सडक निर्माण, धरान १९ | ठेक्का | २५,०००,०००.०० | | ईकाई दर | २,०००,०००।०० | ५,०००,०००.०० | १८,०००,०००।०० | | |
| | कुल रकम | | ६२६,०००,०००।०० | | | ६०,०००,०००।०० | ३६७,०००,०००।०० | २२४,०००,०००।०० | | |

द्रष्टव्य : यो फाराम सार्वजनिक खरिद अनुगमन कार्यालयबाट परिमार्जन/संशोधन भएमा सोही बमोजिम परिवर्तन हुनेछ ।